
# देशको वर्तमान आर्थिक स्थिति

**(आर्थिक वर्ष २०६९/७० को वार्षिक तथ्याङ्कमा आधारित)**


## वास्तविक क्षेत्र

### कुल गार्हस्थ्य उत्पादन

१. आर्थिक वर्ष २०६९/७० मा केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान अनुसार देशको यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा अघिल्लो आर्थिक वर्षको ४.५ प्रतिशतको तुलनामा ३.६ प्रतिशत रहेको अनुमान छ । त्यसैगरी उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर अघिल्लो वर्षको ४.९ प्रतिशतको तुलनामा समीक्षा वर्षमा ३.७ प्रतिशत रहेको अनुमान छ । समीक्षा वर्षमा सेवा क्षेत्रको वृद्धिदरमा सुधार आएको भएतापनि कृषि तथा उद्योग क्षेत्रको वृद्धिदरमा संकुचन आएको अनुमान छ ।




२. समीक्षा वर्षमा कृषि क्षेत्र १.३ प्रतिशत र गैर-कृषि क्षेत्र ५.० प्रतिशतले विस्तार भएको अनुमान छ । अघिल्लो वर्ष कृषि क्षेत्र ५.० प्रतिशत तथा गैर-कृषि क्षेत्र ४.२ प्रतिशतले वृद्धि भएको थियो ।




३. समीक्षा वर्षमा प्रतिकूल मौसमका कारण समग्र कृषि क्षेत्रको उत्पादन वृद्धिदरमा संकुचन आएको छ । यस अवधिमा प्रमुख खाद्यान्न बालीहरुमध्ये धानको उत्पादनमा ११.२ प्रतिशतले र मकैको उत्पादनमा ८.३ प्रतिशतले ह्रास आएको छ भने फलफूल उत्पादन २०.१ प्रतिशतले, मासु तथा दूध उत्पादन १.१ प्रतिशतले र अन्य पशुजन्य उत्पादन ५.६ प्रतिशतले वृद्धि भएको अनुमान छ ।

४. समीक्षा वर्षमा उद्योग क्षेत्र १.६ प्रतिशतले मात्र वृद्धि भएको अनुमान छ । अघिल्लो वर्ष यस क्षेत्रको वृद्धिदर ३.० प्रतिशत रहेको थियो । समयमै पूर्ण बजेट नआउनु, उर्जा समस्या कायम रहनु, औद्योगिक श्रम सम्बन्धमा सुधार नहुनु लगायतका संरचनागत अवरोधका कारण समीक्षा वर्षमा उद्योग क्षेत्रमा अपेक्षित विस्तार आउन नसकेको हो ।

५. समीक्षा वर्षमा सेवा क्षेत्र ६.० प्रतिशतले वृद्धि भएको अनुमान छ, जुन अघिल्लो वर्ष ४.५ प्रतिशतले मात्र वृद्धि भएको थियो । थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, यातायात, भण्डारण तथा संचार तथा वित्तीय मध्यस्थता जस्ता उप-क्षेत्रहरुमा आएको विस्तारका कारण समीक्षा वर्षमा समग्र सेवा क्षेत्रको वृद्धिदरमा सुधार आएको हो ।

## उपभोग, बचत तथा लगानी

६. आर्थिक वर्ष २०६९/७० मा कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश ९०.७ प्रतिशत र कुल बचतको अंश ९.३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमश : ८८.५ प्रतिशत तथा ११.५ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल लगानीको अनुपात ३७.८ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्ष ३४.९ प्रतिशत रहेको थियो ।

## कुल राष्ट्रिय खर्चयोग्य आय

७. आर्थिक वर्ष २०६९/७० मा कुल राष्ट्रिय खर्चयोग्य आय (Gross National Disposable Income) ११.३ प्रतिशतले वृद्धि भएको अनुमान छ । अघिल्लो वर्ष यस्तो आय १६.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय खर्चयोग्य आयको अनुपात १२९.१ प्रतिशत कायम भएको अनुमान छ । अघिल्लो वर्ष यस्तो अनुपात १२८.५ प्रतिशत रहेको थियो ।

## पर्यटक आगमन

८. अघिल्लो वर्ष हवाई मार्गबाट ५ लाख ९५ हजार २ सय ६२ पर्यटकले नेपाल भ्रमण गरेकोमा आर्थिक वर्ष २०६९/७० मा यस्तो संख्यामा १.४ प्रतिशतले ह्रास आई ५ लाख ८६ हजार ६ सय ६८ पुगेको छ । कुल पर्यटक मध्ये भारतीय पर्यटकको अंश २४.४ प्रतिशत तथा अन्य मुलुकका पर्यटकको अंश ७५.६ प्रतिशत रहेको छ ।

९. पर्यटक आगमनलाई देशगत रुपमा विश्लेषण गर्दा भारतीय पर्यटकको संख्या अघिल्लो वर्ष २९.० प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा १५.१ प्रतिशतले ह्रास आई १ लाख ४३ हजार १ सय ९६ पुगेको छ । त्यसैगरी, तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या अघिल्लो वर्ष १५.३ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा ३.९ प्रतिशतले मात्र वृद्धि भई ४ लाख ४३ हजार ४ सय ७२ पुगेको छ ।

**तालिकाः १**

**हवाईमार्गबाट नेपाल भ्रमणमा आएका विदेशी पर्यटकहरुको संख्या**

| विवरण | आगमन संख्या | | | प्रतिशत परिवर्तन | | अंश |
|---|---|---|---|---|---|---|
| | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०६८/६९ | २०६९/७० | २०६९/७० |
| भारत | १,३०,७१७ | १,६८,५९४ | १,४३,१९६ | २९.० | -१५.१ | २४.४ |
| अन्य मुलुक | ३,७०,०३३ | ४,२६,६६८ | ४,४३,४७२ | १५.३ | ३.९ | ७५.६ |
| **कुल** | **५,००,७५०** | **५,९५,२६२** | **५,८६,६६८** | **१८.९** | **-१.४** | **१००.०** |

*स्रोतः नेपाल पर्यटन बोर्ड*

## वैदेशिक लगानी

१०. सरकारले वैदेशिक लगानीलाई उच्च प्राथमिकता दिएको कारण आर्थिक वर्ष २०६९/७० मा वैदेशिक लगानी प्रतिवद्धतामा उल्लेख्य वृद्धि देखिएको छ । यस अवधिमा वैदेशिक लगानीका परियोजनाहरुको संख्यामा अघिल्लो वर्षको तुलनामा ३२.२ प्रतिशतले वृद्धि भएको छ भने लगानी रकममा १७१.७ प्रतिशतले वृद्धि भएको छ । यस अवधिमा उद्योग विभागले रु. १९ अर्ब ३९ करोडको वैदेशिक लगानी प्रतिवद्धता भएका कुल ३०० वटा बिदेशी संयुक्त लगानीका परियोजनाहरुलाई स्वीकृति प्रदान गरेको छ । विभागले अघिल्लो वर्ष रु. ७ अर्ब १४ करोडको वैदेशिक लगानी प्रतिवद्धता भएका कुल २२७ वटा यस्ता परियोजनाहरुलाई स्वीकृति प्रदान गरेको थियो ।

११. समीक्षा वर्षमा दर्ता भएका कुल ३०० परियोजनाहरुमध्ये पर्यटन सम्बन्धी ८७, सेवा सम्बन्धी ८५, उत्पादन सम्बन्धी ७७, कृषि सम्बन्धी ४२, उर्जा सम्बन्धी ४, खानी सम्बन्धी ४ र निर्माण सम्बन्धी १

रहेका छन् । अघिल्लो वर्ष स्वीकृत परियोजनाहरुमध्ये सेवा सम्बन्धी १०६, पर्यटन सम्बन्धी ६४, उत्पादन सम्बन्धी ३१, कृषि सम्बन्धी १५, खानी सम्बन्धी ७ र उर्जा सम्बन्धी ४ वटा परियोजनाहरु रहेका थिए । अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा कृषि, उत्पादन तथा पर्यटन सम्बन्धी परियोजना संख्या तथा लगानी रकम दुवैमा उल्लेखनीय वृद्धि भएको छ । सेवा सम्बन्धी परियोजनामा भने संख्यात्मक रुपमा केही कमी आएको भएता पनि लगानी रकममा वृद्धि भएको छ ।

१२. देशगत रुपमा विश्लेषण गर्दा समीक्षा अवधिमा सबैभन्दा बढी चीनबाट ९६, भारतबाट ३७, दक्षिण कोरियाबाट २४, संयुक्त राज्य अमेरिकाबाट २२ र अन्य देशहरुबाट १२१ गरी कुल ३०० परियोजनाहरुलाई स्वीकृति प्रदान गरिएको छ । स्वीकृत परियोजनाहरुबाट कुल १४,८९५ जनाले प्रत्यक्ष रोजगारी पाउने अनुमान गरिएको छ ।

## वैदेशिक रोजगार

१३. नेपाल सरकार, वैदेशिक रोजगार विभागले आर्थिक वर्ष २०६९/७० मा कुल ४ लाख ५३ हजार ५ सय ४३ जनालाई वैदेशिक रोजगारीको लागि अन्तिम स्वीकृति प्रदान गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा १७.९ प्रतिशतले बढी हो । अघिल्लो वर्ष उक्त विभागले कुल ३ लाख ८४ हजार ६ सय ६५ जनालाई यस्तो स्वीकृति प्रदान गरेको थियो ।

१४. बिगतमा जस्तै आर्थिक वर्ष २०६९/७० मा नेपाली श्रमिकहरुको प्रमुख गन्तव्य मुलुकहरुमा मलेसिया र खाडी मुलुकहरु देखिएका छन् । समीक्षा वर्षमा कुल श्रमिकहरुमध्ये ३४.६ प्रतिशतले मलेशिया, २०.० प्रतिशतले कतार, १९.० प्रतिशतले साउदी अरब र ११.५ प्रतिशतले यू.ए.ई को लागि विभागबाट अन्तिम श्रम स्वीकृति लिएका छन् । समीक्षा वर्षमा वैदेशिक रोजगारको पहिलो गन्तव्य मलेशियाको लागि अन्तिम श्रम स्वीकृति लिने श्रमिकको संख्यामा अघिल्लो वर्षको तुलनामा ५९.४ प्रतिशतले वृद्धि भएको छ भने दोस्रो गन्तव्य कतारको लागि श्रम स्वीकृति लिनेको संख्यामा १४.० प्रतिशतले ह्रास आएको छ ।

**तालिकाः २**

**वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति लिने कामदारहरुको संख्या**

| गन्तव्य मुलुक | श्रम स्वीकृति लिनेको कुल संख्या | | | परिवर्तन प्रतिशत | | अंश |
|---|---|---|---|---|---|---|
| | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०६८/६९ | २०६९/७० | २०६९/७० |
| कतार | १०२९६६ | १०५६८१ | ९०९३५ | २.६ | -१४.० | २०.० |
| मलेशिया | १०५९०६ | ९८३६७ | १५६७७० | -७.१ | ५९.४ | ३४.६ |
| साउदी अरब | ७१११६ | ८०४५५ | ८६२७६ | १३.१ | ७.२ | १९.० |
| यू.ए.ई. | ४४४६४ | ५४४८२ | ५२२९५ | २२.५ | -४.० | ११.५ |
| कुवेत | १५१८७ | २४५७५ | १४४०१ | ६१.८ | -४१.४ | ३.२ |
| बहराइन | ४६४७ | ५८६५ | ३३९० | २६.२ | -४२.२ | ०.७ |
| ओमन | २४४२ | ३१६३ | ३११४ | २९.५ | -१.५ | ०.७ |
| दक्षिण कोरिया | ३७२८ | ५६२७ | ४२९९ | ५०.९ | -२३.६ | ०.९ |
| अन्य | ४२६० | ६४५० | ४२०६३ | ५१.४ | ५५२.१ | ९.३ |
| **कुल** | **३५४७१६** | **३८४६६५** | **४५३५४३** | **८.४** | **१७.९** | **१००.०** |


*स्रोतः नेपाल सरकार, वैदेशिक रोजगार विभाग ।*

नोटः आर्थिक वर्ष २०६९/७० को तथ्याङ्कको अन्यमा वैधानिकीकरण गरिएको संख्या समेत समावेश गरिएको ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

१५. आर्थिक वर्ष २०६९/७० मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ९.९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६८/६९ मा यस्तो मुद्रास्फीति ८.३ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ९.६ प्रतिशतले वृद्धि भएको र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क १०.० प्रतिशतले वृद्धि भएकोले समग्रमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति अघिल्लो आर्थिक वर्षको तुलनामा केही वृद्धि हुन गएको हो । अघिल्लो वर्षमा यी समूहहरुको मूल्य सूचकाङ्कको औसत वृद्धिदर क्रमशः ७.७ प्रतिशत र ९.० प्रतिशत रहेको थियो ।





१६. समीक्षा वर्षमा खाद्य तथा पेयपदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये माछा-मासु उप-समूहको वार्षिक औसत मूल्य वृद्धिदर सबैभन्दा बढी १४.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षमा यस उप-समूहको मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धिदर ७.५ प्रतिशत मात्र रहेको थियो । यसैगरी, समीक्षा वर्षमा घिउ तथा तेल र सूर्तीजन्य पदार्थ दुबै उप-समूहको मूल्य सूचकाङ्कमा वार्षिक औसत वृद्धिदर १३.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षमा ती उप-समूहहरुको वृद्धिदर क्रमशः १४.४ प्रतिशत र १०.८ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष ९.२ प्रतिशतले वृद्धि भएको चिनी तथा मिठाई उप-समूहको वार्षिक औसत मूल्य सूचकाङ्कमा समीक्षा वर्षमा १३.७ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा दलहन उप-समूहको मूल्य सूचकाङ्कमा १२.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षमा यस उप-समूहको मूल्य सूचकाङ्कमा कुनै वृद्धि भएको थिएन ।

१७. समीक्षा वर्षमा गैर-खाद्य वस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये फर्निसिंग तथा घरायसी उपकरणको वार्षिक औसत मूल्य सूचकाङ्क १३.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षमा उक्त उप-समूहको वृद्धिदर १३.४ प्रतिशत रहेको थियो । त्यस्तै, समीक्षा वर्षमा लत्ताकपडा तथा जुत्ता-चप्पल र शिक्षा उप-समूहहरुको मूल्य सूचकाङ्कमा समान १२.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः १४.८ प्रतिशत र ९.८ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष ८.२ प्रतिशतले ह्रास भएको संचार उप-समूहको वार्षिक औसत मूल्य सूचकाङ्कमा समीक्षा वर्षमा पनि २.० प्रतिशतले ह्रास आएको छ ।

१८. समीक्षा वर्षमा क्षेत्रगत वार्षिक औसत मूल्य सूचकाङ्क तराईमा १०.२ प्रतिशतले, काठमाडौं उपत्यकामा ९.७ प्रतिशतले र पहाडमा ९.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ८.१ प्रतिशत, ७.४ प्रतिशत र ९.७ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

१९. आर्थिक वर्ष २०६९/७० मा वार्षिक औसत राष्ट्रिय थोक मूल्य सूचकाङ्क ९.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ६.४ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क १०.६ प्रतिशतले, आयातीत



वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क ८.४ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क ५.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी सूचकाङ्कहरुको वृद्धिदर क्रमशः २.५ प्रतिशत, १२.१ प्रतिशत र ९.६ प्रतिशत रहेको थियो ।


### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२०. आर्थिक वर्ष २०६९/७० मा वार्षिक औसत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ९.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर २७.४ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कमध्ये तलव सूचकाङ्कमा कुनै वृद्धि नभएतापनि ज्यालादर सूचकाङ्कको वार्षिक औसत वृद्धिदर ११.५ प्रतिशत रहेको छ । अघिल्लो वर्ष तलव तथा ज्यालादर सूचकाङ्कको वृद्धिदर क्रमशः १९.३ प्रतिशत र २९.६ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा कृषि मजदूरको ज्यालादर सूचकाङ्कको वार्षिक वृद्धिदर १२.८ प्रतिशत, औद्योगिक मजदूरको १०.३ प्रतिशत र निर्माण मजदूरको ७.२ प्रतिशत रहेको छ ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

२१. समीक्षा वर्षमा कुल वस्तु निर्यात ३.६ प्रतिशतले वृद्धि भई रु. ७६ अर्ब ९२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यात १५.४ प्रतिशतले वृद्धि भई रु. ७४ अर्ब २६ करोड रहेको थियो । भारत तथा अन्य मुलुक दुबैतर्फको निर्यातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा न्यून रहन गएको कारण वस्तु निर्यातको वृद्धिदर समीक्षा वर्षमा कम रहेको हो ।




२२. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा वर्षमा २.८ प्रतिशतले मात्र बढेको छ । यस्तो निर्यात अघिल्लो वर्ष १४.४ प्रतिशतले बढेको थियो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष १७.५ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ५.२ प्रतिशतले मात्र बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको ५.२ प्रतिशत वृद्धिको विपरीत समीक्षा वर्षमा ३.८ प्रतिशतले ह्रास आई अमेरिकी डलर २९ करोड ३७ लाख पुगेको छ । भारततर्फ मुख्यतयाः जी.आई.पाइप, जिङ्क शिट, जुटको बोरा, पोलिष्टरको धागो, अदुवा लगायतका वस्तुको निर्यात बढेको छ भने अन्य मुलुकतर्फ विशेषगरी प्रशोधित छाला, दाल र तयारी छालाका वस्तुको निर्यातमा वृद्धि भएको छ ।

२३. समीक्षा वर्षमा कुल वस्तु आयात २०.६ प्रतिशतले बढेर रु. ५५६ अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयात १६.५ प्रतिशतले वृद्धि भई रु. ४६१ अर्ब ६७ करोड रहेको थियो । मूलतः भारततर्फको आयात उच्च दरले बढेकोले कुल वस्तु आयातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा उच्च रहन गएको हो ।

२४. कुल वस्तु आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष १४.३ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा २२.६ प्रतिशतको उच्च दरले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष २०.९ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १६.९ प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको ७.९ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा ७.१ प्रतिशले वृद्धि भई अमेरिकी डलर २ अर्ब १५ करोड पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टस्, सिमेन्ट, चामल तथा रासायनिक मल लगायतको आयात बढेको छ । अन्य मुलुकबाट विशेषगरी सञ्चारका उपकरणहरु, चाँदी, तयारी पोसाक, पाईप तथा पाईप फिटिङ्ग र रासायनिक मल लगायतको आयातमा वृद्धि भएको छ ।

२५. निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च रहेको कारण समीक्षा वर्षमा वस्तु व्यापार घाटा २३.९ प्रतिशतले वृद्धि भई रु. ४७९ अर्ब ८२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटा १६.७ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको व्यापार घाटा समीक्षा वर्षमा २६.५ प्रतिशतको उच्च दरले बढेको छ । अघिल्लो वर्ष भारतसँगको यस्तो घाटा १४.३ प्रतिशतले बढेको थियो । त्यस्तै, अघिल्लो वर्ष २१.५ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा वर्षमा १९.० प्रतिशतले बढेको छ ।

२६. समीक्षा वर्षमा निर्यात-आयात अनुपात १३.८ प्रतिशतमा झरेको छ । अघिल्लो वर्ष यस्तो अनुपात १६.१ प्रतिशत रहेको थियो । कुल व्यापारमा भारतको अंश अघिल्लो वर्ष ६५.१ प्रतिशत रहेकोमा समीक्षा वर्षमा यस्तो अंश सीमान्त दरले बढी ६६.० प्रतिशत पुगेको छ ।


## शोधनान्तर स्थिति

२७. आर्थिक वर्ष २०६९/७० मा समग्र शोधनान्तर स्थिति रु. ६८ अर्ब ९४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष यस्तो बचत रु. १३१ अर्ब ६३ करोड रहेको थियो । समीक्षा वर्षमा चालू खाता रु. ५७ अर्ब ६ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष यो खाता रु. ७५ अर्ब ९८ करोडले बचतमा रहेको थियो । खासगरी सेवा आयातमा भएको उल्लेख्य वृद्धिका कारण समीक्षा वर्षमा चालू खाता बचत अघिल्लो वर्षको तुलनामा कम रहन गएको हो । अमेरिकी डलरमा समीक्षा वर्षमा चालू खाता बचत ६३ करोड ४६ लाख डलर रहेको छ भने शोधनान्तर बचत ७६ करोड ८० लाख रहेको छ । अघिल्लो वर्ष चालू खाता ९० करोड ९० लाख डलरले र शोधनान्तर १ अर्ब ६२ करोड डलरले बचतमा रहेको थियो ।

२८. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्ष १६.७ प्रतिशतले बढेको तुलनामा समीक्षा वर्षमा २३.६ प्रतिशतले बढी रु. ४६१ अर्ब ३० करोड पुगेको छ । समीक्षा वर्षमा खुद सेवा आय रु. ७ अर्ब ५९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षमा खुद सेवा आय रु. १४ अर्ब ६ करोडले बचतमा रहेको थियो । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको ३७.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा १७.७ प्रतिशतले बढी रु. ४९७ अर्ब ७० करोड पुगेको छ । ट्रान्सफर अन्तर्गतको विप्रेषण आप्रवाह अघिल्लो वर्षको ४१.८ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा २०.९ प्रतिशतले वृद्धि भई रु. ४३४ अर्ब ५८ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको २५.८ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा ११.७ प्रतिशतले वृद्धि भई ४ अर्ब ९३ करोड डलर पुगेको छ । त्यसैगरी समीक्षा वर्षमा वित्तीय खाता अन्तर्गत रु. ९ अर्ब ८ करोड प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ । अघिल्लो वर्ष यस्तो लगानी रु. ९ अर्ब २० करोड प्राप्त भएको थियो ।

## विदेशी विनिमय सञ्चिति

२९. २०७० असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६९ असार मसान्तको रु. ४३९ अर्ब ४६ करोडको तुलनामा २१.४ प्रतिशतले वृद्धि भई रु. ५३३ अर्ब ३० करोड पुगेको छ । २०६९ असार मसान्तमा यस्तो सञ्चिति २०६८ असार मसान्तको तुलनामा ६१.५ प्रतिशतले बढेको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६९ असार मसान्तको रु. ३७५ अर्ब ५२ करोडको तुलनामा २०७० असार मसान्तमा २०.६ प्रतिशतले वृद्धि भई रु. ४५२ अर्ब ९९ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रमा रहेको परिवर्त्य विदेशी मुद्रा सञ्चिति २०६९ असारदेखि २०७० असार मसान्तसम्ममा १२.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ४ अर्ब ३६ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो सञ्चिति २४.४ प्रतिशतले बढेको थियो ।



त्यसैगरी, समीक्षा वर्षमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति २३.४ प्रतिशतले वृद्धि भई भा.रु. ७४ अर्ब ५५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो सञ्चिति ८८.० प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६९/७० को आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर ११.७ महिनाको वस्तु आयात र १०.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति


३०. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६९ असार मसान्तमा प्रति व्यारल अमेरिकी डलर १०२.१० रहेकोमा २०७० असार मसान्तमा ६.८ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर १०९.०५ पुगेको छ । अर्कोतर्फ, सुनको मूल्य २०६९ असार मसान्तमा १५८९.७५ अमेरिकी डलर प्रति आउन्स रहेकोमा २०७० असार मसान्तमा १९.२ प्रतिशतले ह्रास भई प्रति आउन्स अमेरिकी डलर १२८४.७५ कायम रहेको छ ।

३१. २०६९ असार मसान्तको तुलनामा २०७० असार मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ६.७ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १९.९ प्रतिशतले अवमूल्यन भएको थियो । २०७० असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ९५.०० पुगेको छ । २०६९ असार मसान्तमा उक्त विनिमय दर रु. ८८.६० रहेको थियो ।

## सरकारी वित्त स्थिति *

### सरकारी राजस्व र वैदेशिक नगद अनुदान

३२. आर्थिक वर्ष २०६९/७० मा नेपाल सरकारको राजस्व २१.१ प्रतिशतले वृद्धि भई रु. २९६ अर्ब १ करोड पुगेको छ। उक्त राजस्व वार्षिक बजेटको लक्ष्य रु. २८९ अर्ब ६१ करोडको १०२.२ प्रतिशत हुनआउँछ । अघिल्लो वर्ष नेपाल सरकारको राजस्व २२.२ प्रतिशतले वृद्धि भई रु. २४४ अर्ब ३७ करोड पुगेको थियो । समीक्षा वर्षमा राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात १७.४ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०६८/६९ मा यस्तो अनुपात १५.९ प्रतिशत रहेको थियो । विशेष गरी आयातमा भएको उल्लेख्य वृद्धिका कारण भन्सार राजस्वको वृद्धिदरमा आएको विस्तार, आयकरको बढ्दो वृद्धिदर, कर चुहावट नियन्त्रण एवं राजस्व प्रशासनमा भएको समग्र सुधारका कारण राजस्व परिचालनमा उल्लेख्य वृद्धि भएको हो ।




३३. राजस्वका शीर्षकहरूमध्ये मूल्य अभिवृद्धि कर समीक्षा वर्षमा १५.७ प्रतिशतले वृद्धि भई रु. ८३ अर्ब ५१ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व १७.१ प्रतिशतले वृद्धि भएको थियो । आयात मार्फत प्राप्त हुने मूल्य अभिवृद्धि करको वृद्धिदरमा विस्तार आएता पनि आन्तरिक उत्पादन, विक्री तथा सेवातर्फको मूल्य अभिवृद्धि करको वृद्धिदरमा कमी आएको कारण मूल्य अभिवृद्धि कर राजस्वको वृद्धिदरमा सामान्य कमी आएको हो ।

३४. समीक्षा वर्षमा भन्सार महसूलबाट प्राप्त हुने राजस्व ३१.१ प्रतिशतले वृद्धि भई रु. ५६ अर्ब ८९ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व २१.७ प्रतिशतले मात्र वृद्धि भएको थियो । उच्च भन्सार

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६६ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोबल आईएमई बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।।

दर लाग्ने सवारी साधनहरु तथा पाटपूर्जाहरुको आयातलगायत समग्र आयातमा वृद्धि हुनुका साथै नेपाली रुपैंया अमेरिकी डलरसँग न्यूनमूल्यित भएको कारण समेत भन्सार राजस्वमा वृद्धि भएको हो ।

३५. समीक्षा वर्षमा आयकर राजस्व २८.१ प्रतिशतले वृद्धि भई रु. ६७ अर्ब २ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर २५.५ प्रतिशतले वृद्धि भएको थियो । आयकर प्रशासनमा भएको सुधार, कर चुहावट नियन्त्रण र करदाता शिक्षाको सकारात्मक प्रभावका कारण आयकर राजस्वमा वृद्धि भएको हो ।

३६. समीक्षा वर्षमा अन्तःशुल्क परिचालनमा २०.६ प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्ष अन्तःशुल्क १५.२ प्रतिशतले वृद्धि भएको थियो । उच्च अन्तःशुल्क दर भएका सवारी साधनको आयातमा वृद्धिलगायत कर प्रशासनमा गरिएको सुधार तथा चुहावट नियन्त्रणमा गरिएको कडाईका कारण अन्तःशुल्क राजस्वमा वृद्धि भएको हो ।

३७. समीक्षा वर्षमा कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करको अंश सवैभन्दा बढी अर्थात् २८.२ प्रतिशत रहेको छ । त्यसपछि क्रमशः आयकर (२२.६ प्रतिशत), भन्सार (१९.२ प्रतिशत) र अन्तःशुल्क (१२.४ प्रतिशत) को अंश रहेको छ । अघिल्लो वर्ष यी अनुपातहरु क्रमशः २९.६ प्रतिशत, २१.४ प्रतिशत, १७.८ प्रतिशत र १२.५ प्रतिशत रहेका थिए ।


३८. समीक्षा वर्षमा गैर-कर राजस्व परिचालनमा ३.७ प्रतिशतले कमी आई रु. ३६ अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्ष गैर-कर राजस्वमा ३५.० प्रतिशतले वृद्धि भएको थियो । केही सार्वजनिक संस्थानहरुबाट सरकारलाई प्राप्त हुने ब्याज एवं लाभांशमा अघिल्लो वर्षको तुलनामा कमी आएको कारण गैर-कर राजस्वको वृद्धिदरमा कमी आएको हो ।

३९. समीक्षा वर्षमा कुल राजस्वमा कर राजस्वको अंश ८७.७ र गैर-कर राजस्वको अंश १२.३ प्रतिशत रहेको छ । त्यस्तै, कर राजस्वमा प्रत्यक्ष कर राजस्वको अंश ३१.७ र अप्रत्यक्ष कर राजस्वको अंश ६८.३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष कुल राजस्वमा कर राजस्वको अंश ८४.५ र गैर-कर राजस्वको अंश १५.५ प्रतिशत रहेको थियो भने कर राजस्वमा प्रत्यक्ष कर राजस्वको अंश २९.१ र अप्रत्यक्ष कर राजस्वको अंश ७०.९ प्रतिशत रहेको थियो ।

४०. आर्थिक वर्ष २०६९/७० मा नगद प्रवाहमा आधारित वैदेशिक अनुदान रु. २६ अर्ब ५९ करोड रहेको छ । अघिल्लो वर्ष यस्तो वैदेशिक अनुदान रु. ४६ अर्ब ५७ करोड रहेको थियो ।

## सरकारी खर्च

४१. आर्थिक वर्ष २०६९/७० मा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ८.७ प्रतिशतले वृद्धि भई रु. ३४७ अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्ष कुल सरकारी खर्च १५.२ प्रतिशतले वृद्धि भई रु. ३१९ अर्ब ८५ करोड पुगेको थियो । आर्थिक वर्ष ब्यतीत भएको नवौं महिनामा मात्र पूर्ण आकारको बजेट प्रस्तुत भएकोले सरकारी खर्चको वृद्धिदरमा कमी आएको हो ।




४२. आर्थिक वर्ष २०६९/७० मा नगद प्रवाहमा आधारित चालू खर्च अघिल्लो वर्षको तुलनामा ०.७ प्रतिशतले वृद्धि भई रु. २३७ अर्ब ९९ करोड पुगेको छ । चालू खर्च बजेट अनुमानको ८५.३ प्रतिशत भएको छ ।

४३. समीक्षा वर्षमा नगद प्रवाहमा आधारित पूँजीगत खर्च अघिल्लो वर्षको तुलनामा ३.८ प्रतिशतले वृद्धि भई रु. ४७ अर्ब १५ करोड पुगेको छ । पूँजीगत खर्च बजेट अनुमानको ७१.३ प्रतिशत भएको छ ।

समीक्षा वर्षमा समयमा नै बजेट प्रस्तुत नभई ठेक्कापट्टा लगायतका प्रक्रियागत कार्यहरु सम्पन्न गर्न ढिलाई हुन गएका कारण पूँजीगत खर्चमा अपेक्षित वृद्धि हुन नसकेको हो ।

### बजेट घाटा/बचत

४४. आर्थिक वर्ष २०६९/७० मा नगद प्रवाहमा आधारित बजेट घाटा अघिल्लो वर्षको तुलनामा १८.६ प्रतिशतले कम भई रु. १८ अर्ब १९ करोडमा झरेको छ । आर्थिक वर्ष २०६८/६९ मा यस्तो बजेट घाटा रु. २२ अर्ब ३४ करोड रहेको थियो । आर्थिक वर्ष २०६९/७० मा कुल गार्हस्थ्य उत्पादनसँग नगद प्रवाहमा आधारित बजेट घाटाको अनुपात १.१ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६८/६९ मा सो अनुपात १.५ प्रतिशत रहेको थियो ।

### बजेट घाटा पूर्तिका स्रोतहरु

४५. आर्थिक वर्ष २०६९/७० मा बजेट घाटा पूर्तिको उपायको रूपमा कुल आन्तरिक ऋण रु. १९ अर्ब ४ करोड परिचालन भएको छ । कुल गार्हस्थ्य उत्पादनसँग कुल आन्तरिक ऋणको अनुपात १.१ प्रतिशत रहेको छ । अघिल्लो वर्ष रु. ३६ अर्ब ४२ करोड बराबरको आन्तरिक ऋण परिचालन भएको थियो ।

४६. समीक्षा वर्षमा रु. २१ अर्ब १६ करोड आन्तरिक ऋणको भुक्तानी भएको र नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रु. १३ अर्ब ५३ करोड नगद मौज्दात रहेको (आर्थिक वर्ष २०६८/६९ मा बचत रहेको रु. २ अर्ब ३६ करोड समेत) छ ।


४७. आर्थिक वर्ष २०६९/७० को असार मसान्तसम्ममा नेपाल सरकारको आन्तरिक ऋण रु. २०७.० अर्ब रहेकोमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दात रु. १३ अर्ब ५३ करोड समायोजन गर्दा कुल आन्तरिक ऋण रु. १९३ अर्ब ४८ करोड रहेको छ ।

४८. आर्थिक वर्ष २०६९/७० मा वैदेशिक नगद ऋण रु. ९ अर्ब ८६ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष यस्तो ऋण रु. ५ अर्ब ७५ करोड मात्र रहेको थियो ।

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

४९. आर्थिक वर्ष २०६९/७० मा विस्तृत मुद्रा प्रदाय १६.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त मुद्रा प्रदाय २२.७ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा वित्तीय क्षेत्रको खुद वैदेशिक सम्पत्तिको वृद्धिदर कम रहेकोले विस्तृत मुद्राको वृद्धिदरमा कमी आएको हो । त्यसैगरी, संकुचित मुद्रा प्रदाय अघिल्लो वर्ष १८.६ प्रतिशतले बढेको तुलनामा समीक्षा वर्षमा १४.४ प्रतिशतले बढेको छ ।




५०. समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ६८ अर्ब ९४ करोड (१८.० प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. १३१ अर्ब ६३ करोड (५९.५ प्रतिशत) ले बढेको थियो । समीक्षा वर्षमा निर्यातको तुलनामा आयातको विस्तार उच्च रहनुका साथै वैदेशिक अनुदान अघिल्लो वर्षको तुलनामा घटेकोले मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिको वृद्धिदरमा कमी आएको हो ।

## कुल आन्तरिक कर्जा


५१. आर्थिक वर्ष २०६९/७० मा कुल आन्तरिक कर्जा १५.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त कर्जा ९.३ प्रतिशतले मात्र बढेको थियो । समीक्षा वर्षमा निजी क्षेत्रतर्फको कर्जा उल्लेख्य रुपमा बढेकोले कुल आन्तरिक कर्जाको वृद्धि तुलनात्मक रुपमा उच्च रहन गएको हो । समीक्षा वर्षमा निजी क्षेत्रतर्फको कर्जा २०.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा ११.३ प्रतिशतले मात्र विस्तार भएको थियो ।

## सञ्चित मुद्रा

५२. समीक्षा वर्षमा सञ्चित मुद्रा १०.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो मुद्रा ३६.४ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा नेपाल राष्ट्र बैंकको सरकार माथिको खुद दावी घटेको र खुद वैदेशिक सम्पत्तिको वृद्धिदर कम भएकोले सञ्चित मुद्राको वृद्धिदरमा कमी आएको हो ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

५३. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १७.४ प्रतिशत (रु. १७६ अर्ब २७ करोड) ले वृद्धि भएको छ । अघिल्लो वर्ष निक्षेप परिचालन २२.९ प्रतिशत (रु. १८८ अर्ब ५९ करोड) ले बढेको थियो । समीक्षा वर्षमा वाणिज्य बैंक र विकास बैंकको निक्षेप परिचालन क्रमशः १७.९ प्रतिशत र २७.१ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको निक्षेप परिचालन ९.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष वाणिज्य बैंक र विकास बैंकहरुको निक्षेप परिचालन क्रमशः २६.७ प्रतिशत र ३४.० प्रतिशतले बढेको थियो भने वित्त कम्पनीहरुको निक्षेप परिचालन ७.५ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा ७ वित्त कम्पनीहरु विकास बैंकमा गाभिई संख्या नै घट्न गएकोले यी संस्थाहरुको निक्षेप परिचालनको वृद्धिदर ऋणात्मक देखिएको हो ।



चार्ट १०: निक्षेप तथा कर्जा वृद्धिदर स्थिति (वार्षिक)

## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

५४. आर्थिक वर्ष २०६९/७० मा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १८.६ प्रतिशत (रु. १८० अर्ब २० करोड) ले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो कर्जा तथा लगानी १३.२ प्रतिशत (रु. ११२ अर्ब ७८ करोड) ले बढेको थियो । समीक्षा वर्षमा वाणिज्य बैंक र विकास बैंकहरुको कर्जा तथा लगानी क्रमशः १९.१ प्रतिशत र २३.३ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको ५.८ प्रतिशतले घटेको छ । त्यसैगरी, समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २०.८ प्रतिशत (रु. १६१ अर्ब ९२ करोड) ले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा १२.२ प्रतिशत (रु. ८४ अर्ब ८६ करोड) ले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह २१.६ प्रतिशतले, विकास बैंकहरुको २८.३ प्रतिशतले र वित्त कम्पनीहरुको १.३ प्रतिशतले बढेको छ ।

५५. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. ३४ अर्ब २१ करोडले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा रु. २७ अर्ब २९ करोडले बढेको थियो । त्यसैगरी, अघिल्लो वर्ष कृषि क्षेत्रतर्फको कर्जा रु. १० अर्ब ५२ करोडले बढेको तुलनामा समीक्षा वर्षमा रु. १० अर्ब ९९ करोडले बढेको छ । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. १३ अर्ब ५३ करोडले, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. ३६ अर्ब ९० करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ७ अर्ब ७५ करोडले बढेको छ ।

अघिल्लो वर्ष उक्त क्षेत्रहरुमा प्रवाहित कर्जा क्रमशः रु. ७ अर्ब ३ करोड, रु. २० अर्ब ७६ करोड र रु. ३ अर्ब ८९ करोडले बढेको थियो ।

### तरलता व्यवस्थापन

५६. आर्थिक वर्ष २०६९/७० मा खुला बजार कारोबार अन्तर्गत सोझै बिक्री बोलकबोल मार्फत रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन भएको छ । अघिल्लो वर्ष बिक्री बोलकबोल मार्फत रु. ८ अर्ब ४० करोड तरलता प्रशोचन भएको थियो भने रिपो बोलकबोल मार्फत रु. ७४ करोड ३७ लाख बराबरको तरलता प्रवाह भएको थियो ।

५७. आर्थिक वर्ष २०६९/७० मा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ३ अर्ब २२ करोड खुद खरिद गरी रु. २८५ अर्ब ३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर ३ अर्ब १९ करोड खुद खरिद गरी रु. २५८ अर्ब २८ करोडको खुद तरलता प्रवाह भएको थियो ।

५८. समीक्षा वर्षमा अमेरिकी डलर ३ अर्ब १२ करोड बिक्री गरी रु. २७४ अर्ब ४४ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ६६ करोड बिक्री गरी रु. २१३ अर्ब ९५ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

### अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

५९. आर्थिक वर्ष २०६९/७० मा वाणिज्य बैंकहरुले रु. ७२५ अर्ब ७७ करोड र अन्य वित्तीय संस्थाहरू (विकास बैंक र वित्त कम्पनीहरु) ले रु. १८४ अर्ब ५८ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्ष वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. २१२ अर्ब ७७ करोड र रु. १७२ अर्ब ९० करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा वर्षमा रु. ५४ अर्ब ९८ करोडको स्थायी तरलता सुविधा उपयोग भएको छ । अघिल्लो वर्ष रु. ५ अर्ब ५७ करोडको मात्र स्थायी तरलता सुविधा उपयोग भएको थियो ।


### ब्याजदर

६०. २०७० को असार महिनामा ९१-दिने ट्रेजरी विल र वाणिज्य बैंकहरुको अन्तर-बैंक कारोबारको ब्याजदर २०६९ असार महिनाकै हाराहारीमा रहेका छन् भने अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक भारित औसत ब्याजदरमा केही कमी आएको छ । ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर अघिल्लो वर्षको असार महिनामा १.१५ प्रतिशत रहेकोमा २०७० असार महिनामा १.१९ प्रतिशत रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको असारमा ०.८६ प्रतिशत रहेकोमा २०७० असार महिनामा पनि ०.८६ प्रतिशत नै रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०६९ असारमा ६.९७ प्रतिशत रहेकोमा २०७० असारमा ५.०३ प्रतिशत रहेको छ ।

६१. २०७० को असार महिनामा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ५.२५ प्रतिशत रहेको छ भने कर्जाको भारित औसत ब्याजदर १२.०९ प्रतिशत रहेको छ । सो अनुसार, निक्षेप र कर्जा बीचको ब्याजदर अन्तर ६.८४ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार दर २०७० असार महिनामा ९.८३ प्रतिशत कायम हुन आएको छ ।

# धितोपत्र बजार


६२. आर्थिक वर्ष २०६९/७० मा धितोपत्र बजारमा उल्लेख्य सुधार भएको छ । नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ३३ प्रतिशतले वृद्धि भई २०७० असार मसान्तमा ५१८.३ विन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा ७.४ प्रतिशतले वृद्धि भई २०६९ असार मसान्तमा ३८९.७ विन्दु कायम भएको थियो । २०६९ असार मसान्तमा ९८.८ विन्दुमा रहेको नेप्से सेन्सिटिभ सूचकाङ्क २०७० असार मसान्तमा १३०.३ पुगेको छ । त्यसैगरी NEPSE Float Index १७.१ प्रतिशतले वृद्धि भई २०६९ असार मसान्तको ३०.६ बाट २०७० असार मसान्तमा ३५.८ कायम रहेको छ ।



चार्ट ११: नेप्से परिसूचक (२०६९/७०)

६३. आर्थिक वर्ष २०६९/७० मा धितोपत्र बजार कारोबार रकममा पनि उल्लेख्य वृद्धि भएको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा आर्थिक वर्ष २०६८/६९ मा रु. १० अर्ब २८ करोड बराबरको धितोपत्र कारोबार भएकोमा आर्थिक वर्ष २०६९/७० मा यस्तो कारोबार ११४.५ प्रतिशतको उच्च वृद्धि भई रु. २२ अर्ब ५ करोड बराबरको कारोबार भएको छ ।

६४. २०७० असार मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ३९.७ प्रतिशतले वृद्धि भई रु. ५१४ अर्ब ४९ करोड पुगेको छ । परिणामस्वरुप २०७० असार मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३०.२ प्रतिशत रहेको छ । २०६९ असार मसान्तमा यस्तो अनुपात २४.० प्रतिशत रहेको थियो । बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरु (बीमा कम्पनी समेत) को ७१.७ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ३.० प्रतिशत, होटलहरुको १.७ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.२ प्रतिशत, जलविद्युतको ६.० प्रतिशत र अन्यको १७.४ प्रतिशत अंश रहेको छ ।



चार्ट १२ सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण (२०६९/७०)

६५. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धिदर १४.० प्रतिशत रही २०७० असार मसान्तमा रु. १२६ अर्ब ६ करोड पुगेको छ । आर्थिक वर्ष २०६९/७० मा रु. ८ अर्ब २४ करोड ६१ लाख बरावरको साधारण शेयर, रु. ४ अर्ब २ करोड २४ लाख बराबरको बोनस शेयर र रु. २८ करोड १० लाख बराबरको हकप्रद शेयर नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । यसैगरी, समीक्षा वर्षमा रु. १ अर्ब २० करोड बराबरको वाणिज्य बैंकहरुले जारी गरेको ऋणपत्र र रु. ७५ करोड बराबरको म्यूचुवल फण्ड पनि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएको छ ।

६६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०७० असार मसान्तमा २३० पुगेको छ । २०६९ असार मसान्तमा यो संख्या २१६ रहेको थियो । सूचीकृत कम्पनीहरुमध्ये १९८ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन ।

# बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति

६७. नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०६९ असार मसान्तको २६६ बाट घटेर २०७० असार मसान्तमा २५४ रहेको छ । समीक्षा वर्षमा "ख" वर्गका ३ विकास बैंक र "घ" वर्गका ७ लघुवित्त संस्था गरी थप १० नयाँ वित्तीय संस्थाहरु सञ्चालनमा आएका भएपनि २ वटा वाणिज्य बैंकहरु गाभिएर एउटा बनेको, एउटा वाणिज्य बैंकमा २ वटा विकास बैंकहरु गाभिएका, १० विकास बैंक र १२ वित्त कम्पनीहरु एक आपसमा गाभिएर ७ विकास बैंक र २ वित्त कम्पनी बनेका तथा ५ गैर-सरकारी संस्थाहरुको इजाजत पत्र खारेज गरिएकोले बैंक तथा वित्तीय संस्थाहरुको कुल संख्या घट्न गएको हो । जस अनुसार २०७० असार मसान्तमा वाणिज्य बैंकहरुको संख्या ३१ रहेको छ भने विकास बैंक, वित्त कम्पनी र लघुवित्त विकास बैंकहरुको संख्या क्रमशः ८६, ५९ र ३१ रहेको छ । त्यसैगरी, नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्थाहरुको संख्या १६ र गैर-सरकारी संस्थाहरुको संख्या ३१ रहेको छ ।

**तालिकाः ३**

**बैंक तथा वित्तीय संस्थाहरुको संख्या**

| बैंक तथा वित्तीय संस्थाहरु | २०६९ असार मसान्त | २०७० असार मसान्त |
|---|---|---|
| वाणिज्य बैंक | ३२ | ३१ |
| विकास बैंक | ८८ | ८६ |
| वित्त कम्पनी | ७० | ५९ |
| लघुवित्त विकास बैंक | २४ | ३१ |
| नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त सहकारी संस्था (सीमित बैंकिङ्ग कारोबार गर्ने) * | १६ | १६ |
| नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गैर-सरकारी संस्था (लघुवित्त कारोवार गर्ने) | ३६ | ३१ |
| जम्मा | २६६ | २५४ |

** राष्ट्रिय सहकारी बैंक लिमिटेड समेत ।*

६८. २०६९ असार मसान्तसम्ममा वाणिज्य बैंकहरुको शाखा संख्या १४२५, विकास बैंकको ६८७, वित्त कम्पनीको २९२ र लघुवित्त विकास बैंकको ५५० रहेकोमा २०७० असार मसान्तसम्ममा वाणिज्य बैंकहरुको शाखा संख्या १४८६, विकास बैंकको ७६४, वित्त कम्पनीको २४२ तथा लघुवित्त विकास बैंकको शाखा संख्या ६३४ पुगेको छ । यसबाट प्रति बैंक तथा वित्तीय संस्था शाखाबाट औसतमा करिब ८४७५ जनसंख्याले सेवा प्राप्त गरेको देखिन्छ ।

**तालिकाः ४**

**बैंक तथा वित्तीय संस्थाहरुको संख्या**

| बैंक तथा वित्तीय संस्थाहरु | २०६९ असार मसान्त | २०७० असार मसान्त |
|---|---|---|
| वाणिज्य बैंक | १४२५ | १४८६ |
| विकास बैंक | ६८७ | ७६४ |
| वित्त कम्पनी | २९२ | २४२ |
| लघुवित्त विकास बैंक | ५५० | ६३४ |